नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# कन्सुलर सेवा विभाग

मिति:२०८३।०२।१२

**मोबाइल एप "MoFA Mitra" सञ्चालन सम्बन्धी सूचना।**

विदेशमा रहेका नेपाली नागरिकहरूका लागि खोजतलास तथा उद्धार लगायत विविध कन्सुलर सहायता तथा कानूनी परामर्श सेवालाई अझ सहज, प्रभावकारी तथा प्रविधिमैत्री बनाउने उद्देश्यले कन्सुलर सेवा विभागद्वारा विकसित मोबाइल एप "मोफा मित्र (MoFA Mitra)" माननीय परराष्ट्र मन्त्री श्री शिशिर खनालज्यूबाट सफलतापूर्वक शुभारम्भ भई आजैदेखि औपचारिक रूपमा सञ्चालनमा आएको व्यहोरा जानकारी गराइन्छ।

उक्त एप Android तथा iOS दुवै प्लेटफर्ममा उपलब्ध भइसकेको हुँदा सम्पूर्ण सेवाग्राही तथा सरोकारवालाहरूलाई आफ्नो मोबाइलमा Google Play Store वा Apple App Store मार्फत डाउनलोड गरी उपयोग गर्नुहुन हार्दिक अनुरोध छ।

**"MoFA Mitra" एपका मुख्य विशेषताहरू:**

- खोजतलास तथा उद्धार: विदेशमा रहेका आफ्ना आफन्तको खोजतलास उद्धारका लागि अनलाइन निवेदन दर्ता गर्न सकिने।
- शव व्यवस्थापन: विदेशमा मृत्यु भएको अवस्थामा शव नेपाल ल्याउने वा सम्बन्धित मुलुकमै अन्त्येष्टि गर्ने सम्बन्धमा निवेदन दिन सकिनेछ।
- बीमा तथा क्षतिपूर्ति: वैदेशिक रोजगारीका क्रममा हुने दुर्घटना वा मृत्यु पश्चात् प्राप्त हुने बीमा तथा राहतसम्बन्धी निवेदन दर्ता गर्न सकिने।
- गुनासो तथा समस्या दर्ता: विदेशमा रहँदा आइपर्ने समस्या सम्बन्धी गुनासो दर्ता गर्न सकिने।
- निवेदनको स्थिति ट्र्याकिङ: दर्ता गरिएको निवेदनको कारबाही प्रक्रिया कुन चरणमा पुगेको छ भन्ने जानकारी प्राप्त गर्न सकिने।
- नेपाली नियोग सम्बन्धी जानकारी: विदेशस्थित नेपाली दूतावास तथा नियोगहरूको सम्पर्क विवरण र नियोगले प्रदान गर्ने सेवासम्बन्धी जानकारी (FAQs)प्राप्त गर्न सकिने।
- ट्राभल एड्भाइजरी: विभिन्न देशहरूको सुरक्षा अवस्था, यात्रा उपयुक्तता तथा सरकारी सूचनासम्बन्धी जानकारी प्राप्त गर्न सकिने।
- जिज्ञासा (FAQs): कन्सुलर विभागको सेवासम्बन्धी प्रश्नोत्तर तथा महत्त्वपूर्ण जानकारीहरू एपमै उपलब्ध हुने।

**एप डाउनलोड गर्ने लिङ्कहरू:**

- **Android (Google Play Store):** https://play.google.com/store/apps/details?id=gov.np.nepalconsular.rescue.app&pcampaignid=web_share
- **iOS (Apple App Store):** https://apps.apple.com/np/app/mofa-mitra/id1441267962

फोन नं.: ५३६०१०८, ५३६०१२१, फ्याक्स नं.: ००९७७-१-५३६०११४